**प्रस्तावहरु**

१.जिल्ला समन्वय समितिको आ.व. ०७९।०८० को प्रगति प्रतिवेदनको समिक्षा सम्वन्धमा ।
२.मौज्दात कोषवाट बाँडफाँड भएको रकम सम्वन्धमा ।
३.गण्डकी प्रदेश सरकारवाट प्राप्त अनुदान रकमको बाँडफाँड सम्वन्धमा
४.समन्वय सम्बन्धमा ।
५. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, प्रशोधन र बिक्रि वितरण सम्बन्धमा ।
६.मध्यपहाडि पुष्पलाल राजमागर्गको अतिक्रमण सम्बन्धमा ।
७.मध्य पहाडि लोकमार्ग/राष्ट्रिय गौरव एवं प्रादेशिक सडक सम्वन्धमा ।
८.योजना छनौट र कार्यान्वयन सम्वन्धमा ।
९.मालढुङ्गा- कुश्मीसेरा- बरेङ- शान्तिपुर सडक अन्तर्गत बागलुङ नगरपालिका वडा न.१० मा पर्ने गलुवाको पहिरो नियन्त्रण सम्वन्धमा।
१०.विकास निर्माण र सेवा प्रवाह सम्वन्धमा ।
११. गाई भैंसीमा हुने Lumpyskin Disease को नियन्त्रण र रोकथाम सम्वन्धमा ।
१२.महंगी नियन्त्रण सम्वन्धमा ।
१३.विपद व्यवस्थापन सम्वन्धमा ।
१४.विविध सम्वन्धमा ।

**निर्णयहरु**

**निर्णय न. १**

जिल्ला समन्वय समिति बागलुङवाट आ.व. ०७९।०८० को हाल सम्म भएको काम कार्वाहीको वार्षिक प्रगति प्रतिवेदन जिल्ला सभामा पेश भएकोमा सो सम्वन्धमा छलफल एवं राय परामर्श प्रदान गरियो । पेश हुन आएका राय सुझावलाई समेत मध्यनजर गरी जिल्ला भित्रका संघिय तथा प्रदेश अन्तर्गतका कार्यालयहरु र स्थानीय तहबाट संचालित विकास निर्माण संग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारी अनुगमन र समन्वय गर्न जिल्ला समन्वय समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय न. २**

जिल्ला समन्वय समितिको मौज्दात कोषमा रहेको मौज्दात रकमलाई जिल्ला समन्वय समितिको मौज्दात कोष सचालन निर्देशिका,२०७५ वमोजिम विभिन्न मितिमा कार्यक्रम व्यवस्थापन समितिको निर्णय वमोजिम बाँडफाँड तथा खर्च भएको देहाय वमोजिमको रकम लाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | स्थानीय तहको नाम | मौज्दात कोषबाट विनियोजित रकम | खर्च भएको रकम रु | सम्पन्न गरि सक्नु पर्ने आ.ब. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मालढुङ्गामा रहेको बागलुङ प्रवेश द्वार रंगरोगन तथा मर्मत | जिसस | ५००००० | 455798.39 | ०७९/०८० | सम्पन्न भएको |
| २ | कार्यालय भवनको शौचालय, बाथरुम, धारा मर्मतखरिद/ | जिसस | १००००० | - | ०७९०८०/ | कार्य भैरहेको |
| ३ | कार्यालय भवनको बाहिरी भाग रंगरोगन हल रंगरोगन तथा फर्निसिङ र छाना मर्मत | जिसस | १०००००० | - | ०७९०/८० | कार्य भै रहेको |

**<u>निर्णय न. ३</u>**

गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट आ.ब.०७९/०८० मा जिल्ला समन्वय समिति बागलुङको लागि विनियोजन भई निकासा हुन आएको अनुदान रकम रु १०,००,०००। (अक्षरुपी दश लाख) नेपालको संविधानको धारा २२०,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ र ९३ तथा अन्य प्रचलित कानुन समेतलाई मध्येनजर गरी जिल्ला समन्वय समिति बागलुङको मिति २०७८।०९।१३ को बैठकवाट भएको निर्णय वमोजिम खर्च गर्ने गरी बाँडफाँड गरीएको देहाय वमोजिमको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**खर्चको बाँडफाँड र खर्च गर्ने आधारहरु / मापदण्ड (Norms)**

| सि.नं. | कार्यक्रम तथा खर्चको शीर्षक | बाँडफाँड गरिएको रकम | खर्च गर्ने आधारहरुमापदण्ड/ (Norms) | कैफियत |
|---|---|---|---|---|
| १ | दै.भ्र.भ. तथा अनुगमन खर्च | १,००,०००। | क) पदाधिकारीका लागि कार्यक्षेत्र बाहिरको नियमानुसारको दै.भ्र.भ.<br>ख) कर्मचारीहरुका लागि नियमानुसारको दै.भ्र.भ.। | |
| २ | इन्धन खर्च | २,००,०००। | अनुगमन तथा अन्य कार्यका लागि जिल्लाभित्र तथा बाहिर कार्यालयको गाडी प्रयोग गर्दा लाग्ने इन्धन खर्च । | |
| ३ | सवारी साधन तथा अन्य मर्मत सम्भार खर्च | ३,००,०००। | कार्यालयका सवारी साधनको मर्मत खर्च तथा आवश्कतानुसार अन्य मर्मत सम्भार खर्च | |
| ४ | अन्तर जिल्ला समन्वय भ्रमण पदाधिकारीकर्मचारी/ | ४,००,०००। | पदाधिकारी तथा कर्मचारीहरुको अन्तर जिल्ला समन्वय भ्रमणमा भएको खर्च । | |
| | जम्मा रु | १०,००,००। )दश लाख मात्र( | | |

<u>निर्णय न. ४</u>

नेपालको संविधानको धारा २२० को उपधारा ७ को खण्ड (क), (ख) र (ग) तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाका विच समन्वय गर्ने, विकास निर्माण सम्बन्धि कार्यको अनुगमन गर्ने र जिल्लामा रहने संघिय र प्रदेशका सरकारी कार्यालय र स्थानीय तह विच समन्वय गर्ने लगायतका जिम्मेवारी जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई प्रदान गरेको हुंदा नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ को भावना र मर्म बमोजिम जिल्ला भित्र विकास निर्माण र सेवा प्रवाह लगायतका विषयमा जिल्ला समन्वय समिति संग समन्वय गरी कार्य गर्न जिल्ला स्थित सरकारी कार्यालयहरु एवं गैर सरकारी संघ संस्थाहरुलाई निर्देश गर्ने निर्णय गरियो।

**निर्णय न. ५**

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, प्रशोधन र बिक्रि वितरण सम्बन्धि नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार द्वारा जारी भएका मापदण्ड /कार्यविधि/ निर्देशिका तथा अनुगमन समितिबाट यस पुर्व भएका विभिन्न निर्णय एवं दिईएका सुझाव बमोजिम नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन, प्रशोधन बिक्रि, वितरणको साथै क्रसर उद्योग संचालनको व्यवस्था मिलाउन सम्वन्धित निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय न. ६**

प्रस्ताव नं.६ माथि छलफल गर्दा पुष्पलाल मध्यपहाडि लोकमार्गको गल्कोट नगरपालिका वडा नं.११ अन्तर्गत मनेवामा दरमखोला हाइड्रो पावरले सडकको कुनामा पाइप लाइन विछ्याएर सडक अतिक्रमण गरेकोले सवारी साधन आवत जावतमा कठिनाई उत्पन्न हुनुका साथै सडक दुर्घटनाको उच्च जोखिम रहेको देखिनुका साथै सोहि सडकोक अन्य विभिन्न स्थानमा सडक अतिक्रमण गरी केहि स्थायी/ अस्थायी संरचना निर्माण गर्ने क्रम तिब्र रुपमा बढी रहेकाले सवारी साधन आवत जावतमा समस्या भएको भनी जनगुनासो आइरहेको हुँदा त्यसरी भैरहेको सडक अतिक्रमणको कार्य रोकी सडक सुचारु राख्ने व्यवस्था मिलाउन पुष्पलाल मध्यपहाडि लोकमार्ग आयोजना कार्यालय पर्वतलाई ध्यानाकर्षण गराउने निर्णय गरियो ।

**निर्णय न. ७**

मध्यपहाडी लोकमार्ग अन्तर्गत बागलुङ बजार देखि अक्षते खण्ड र अक्षते देखि घोडावाँधे खण्डमा,कालिगण्डकी करिडोर सालझण्डि ढोरपाटन सडक लगायत जिल्लाभर संचालित प्रादेशिक सडकहरु,भवनहरु र पुलहरु निर्माणको कार्यमा ढिला सुस्ती भएको अनुगमनका क्रममा भेटिएको तथा सञ्चार मिडियाहरु, आम नागरिक समुदाय र उपभोक्ताहरुबाट तिब्र असन्तुष्टि प्रकट भइरहेको हुंदा उक्त सडक,भवन र पुलहरुको निर्माण कार्य शिघ्र सम्पन्न गर्न सम्वन्धित निकायको ध्यानाकर्षण गराउने साथै निर्माण कार्य अगाडी नवढाउने निर्माण व्यवसायी उपर नियमानुसार आवश्यक कारवाही गर्न र समयमै कार्य सम्पन्न गरेका निर्माण व्यवसायीलाई भुक्तानीको व्यवस्था मिलाउन सम्वन्धित निकायलाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय न. ८**

जिल्ला स्थित संघीय सरकार र प्रदेश सरकारका कार्यालय/ आयोजनाहरुले योजना तथा कार्यक्रमहरु छनोट गरी बजेट विनियोजनका लागि संघ र प्रदेशमा पठाउदा र कार्यान्वयन गर्नु पुर्व सम्वन्धित स्थानीय तह एवं जिल्ला समन्वय समिति संग समन्वय गरेर मात्र गर्ने व्यवस्था गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. ९**

मालढुङ्गा- कुश्मीसेरा- बरेङ- शान्तिपुर सडक अन्तर्गत बागलुङ नगरपालिका वडा न.१० मा पर्ने गलुवा खण्डमा निरन्तर रुपमा पहिरो गई समय समयमा महिनौ सम्म सडक अवरुद्ध हुंदा बागलुङ जिल्लाका दक्षिण भेकका आम जनसमुदायलाई आवत जावतमा कठिनाई हुने गरेको र स्थायी समाधान गर्न स्थानीय स्रोत साधन अपर्याप्त हुने भएकाले सो सडकको स्थायी समाधानका लागी गण्डकी प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो । साथै सडक अवरुद्ध हुँदा तत्काल आवत जावतको लागि वैकल्पिक मार्गको खोजी गर्ने निर्णय गरियो ।

**<u>निर्णय न. १०</u>**

जिल्ला भित्र संघ / प्रदेश अन्तरर्गतका कार्यालयहरु तथा स्थानीयतह र गैर सरकारी संघ संस्थाहरुबाट यस चालु आ.ब.मा संचालनमा रहेका विकास निर्माण सम्बन्धि कार्यलाई गुणस्तरीय रुपमा तोकिएको समय भित्रै शत प्रतिशत प्रगती हांसिल हुने गरी सम्पन्न गर्ने व्यवस्था मिलाउन सम्वन्धित निकायलाई निर्देशन दिने निर्णय गरियो।

**<u>निर्णय न. ११</u>**

हाल नेपालभरी प्रकोपको रुपमा फैलिरहेको गाई भैंसीमा हुने **<u>Lumpyskin Disease</u>** बागलुङ जिल्लामा पनि फैलिरहेकोले सो रोगको फैलावट रोक्न तथा रोगी पशुहरुको उपचार गर्न पालिकाहरुले समयमै प्रभावकारी कार्यक्रम संचालन गर्न तथा संक्रमित पशुहरुको औषधि उपचार गर्न र रोकथामका लागि खोप व्यवस्थापन गर्ने व्यवस्था मिलाउने कार्यमा समन्वय सहजिकरण गरी रोग नियन्त्रण र रोकथामका सवै उपाय अपनाउन भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रलाई निर्देशन दिने निर्णय गरियो । साथै बंगुरमा फैलिने अफ्रिकन स्वाईन फिवरले बागुलुङ जिल्लामा धेरै बंगुरहरु मरिसकेको पाईएकोले समयमै सो रोगको रोकथाम, नियन्त्रण र उपचार को व्यवस्था मिलाउन पालिकाहरु र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रलाई निर्देशन दिने निर्णय गरियो

**<u>निर्णय न. १२</u>**

दिन प्रतिदिन बजारमा महंगी बढि रहदा आम नागरिकको तिव्र असन्तुष्टि बढेकाले प्रभावकारी रुपमा बजार अनुगमन गरी महंगी नियन्त्रण, अखाद्य बस्तु मिसावट र बिक्रि वितरण गर्ने कार्य रोक्न सम्वन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

**<u>निर्णय न. १३</u>**

बागलुङ जिल्लामा वर्षादको समयमा विपदजन्य घटनाहरु बढि हुने गरेकाले विपद सम्वन्धि पूर्व तयारी, उद्धार, राहत र पुनःस्थापनका लागि आवश्यक सामाग्री र बजेट व्यवस्थापनको व्यवस्था पालिकाहरुले मिलाउने निर्णय गरियो ।

**निर्णय न. १४**

संघ र प्रदेशबाट प्राप्त बजेट सिलिङ अनुसार योजना छनोट भै कार्य सम्पन्न भै सकेको तर स्वीकृत सिलिङ अनुसार बजेट प्राप्त नहुँदा भुक्तानीमा समस्या भएकाले स्वीकृत सिलिङ अनुसार बजेट निकासाका लागि संघीय र प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. १५**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत आ.ब.०७८/०७९ मा मलेपबाट औल्याईएको बेरुजु सम्पन्न भएका कार्यहरुको हकमा फछ्यौंट हुनका लागि शिक्षा मन्त्रालयमा अनुरोध गर्ने साथै योजना स्वीकृत भै संचालनमा रहेका तर सम्पन्न हुन नसकेका आयोजनाहरुमा स्रोत सुनिश्चितता गरी सम्पन्न हुने व्यवस्था मिलाई दिन शिक्षा मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय न. १६**

बागलुङ जिल्लालाई रुपाताल संरक्षण एकिकृत विकास परियोजना गण्डकी प्रदेश कास्कीमा समवेश गरी परियोजना कार्यान्वयन हुन सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. १७**

आगामी आ.ब.०८०/०८१ का लागि जिल्ला दररेट निर्धारण गर्दा चालु आ.ब.को असार १२ गते भित्र निर्धारण गर्ने र उक्त बैठकमा पालिकाहरुलाई आमन्त्रण गर्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय बागलुङलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. १८**

जिल्ला सदरमुकाम बागलुङ बजार देखि विभिन्न पालिकाको केन्द्र र अन्य विभिन्न स्थान सम्मको हालको चलन चल्तिमा रहेको यातायात भाडादर अवैज्ञानिक देखिएकाले सडकको अवस्था र दुरीका आधारमा वैज्ञानिक भाडा दर निर्धारण गरी कार्यान्वयनमा ल्याउन सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. १९**

तमानखोला गाउँपालिका अन्तर्गत वडा नं. २ को बोगाखानी गाउँ बाढी पहिरोको उच्च जोखिममा रहेकाले तटबन्धन लगायत संरक्षणको आवश्यक व्यवस्था मिलाउन सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय न. २०</u>**

निसीखोला गाउँपालिका वडा नं १ स्थित हुल्दी गाउँ पहिरोको कारणले उच्च जोखिममा रहेकाले उक्त बस्ति स्थानन्तरण लगायत बस्ति संरक्षणको व्यवस्था मिलाउन सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।